**Embassy of Nepal, Abu Dhabi**
سـفــــارة نيــبـــــال. أبــوظبــــي

*Ref.* الاشارة

## फुजेराह शहरमा राहदानी, कन्सुलर तथा श्रमिक सचेतना शिविर सञ्चालन सम्बन्धी जरुरी सूचना।

राजदूतावास रहेको शहर (अबुधावी) भन्दा टाढा रहनुहुने सेवाग्राहीहरुलाई पायक पर्ने स्थानबाटै राहदानी नवीकरण सेवा प्रदान गर्ने तथा कन्सुलर, श्रमिकहरु सम्बन्धी सचेतनामुलक कार्यक्रम, नेपालमा सुरक्षित तवरले विप्रेषण पठाउने लगायतका विषयहरुमा समेत जानकारी गराउने उद्देश्यका साथ देहायको मिति, स्थान र समयमा **राहदानी, कन्सुलर तथा श्रमिक सचेतना घुम्ति शिविर** सञ्चालन गरिने व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि अनुरोध गरिन्छ। यस कार्यमा गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, यू.ए.ई. (NRNA, NCC, UAE) लगायत सवै संघसंस्थाहरुको सहकार्य र समन्वय हुन तथा फुजैरहा आसपासमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीवहिनीहरुलाई आ-आफ्नो क्षेत्रवाट सहयोग गर्नुहुन समेत अनुरोध छ।

| | |
|---|---|
| स्थान | फुजैराह |
| मिति | आइतवार, १४ जनवरी २०२४ |
| समय | विहान १०:०० बजेदेखि बेलुका ५:०० वजेसम्म |
| स्थान | V. Hotel, Fujairah |

**अनलाइन फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरु:**

- प्रि-इनरोलमेन्ट आवेदनकासाथ अत्यावश्क कागजातहरु (नागरिकताको दुवै पेज र राहदानीको फोटो भएको पेज र ३१ नं. को पेज) अनिवार्यरुपमा स्क्यान गरी अपलोड गर्ने।
- प्रि-इनरोलमेन्टको फाराम भरिसकेपछि Pdf मा download गरी १३ जनवरी २०२४ दिउसो ठिक ४:०० वजेभित्र consular.abudhabi@mofa.gov.np इमेल मा verification का लागि पठाउनु हुन समेत जानकारी गराईन्छ।

नेपाली राजदूतावास, अवुधावी
०५ जनवरी २०२४

P. O. Box : 38282 - Abu Dhabi - United Arab Emirates - Tel. : 02-6344767 / 6344385 - Fax : 02-6344469
E-mail : eonabudhabi@mofa.gov.np, Website: www.ae.nepalembassy.gov.np